परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

❑ वर्ष १३ ❑ अंक ७ २०८१ भाद्र २३ आईतवार Sunday 8, SEP 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## गणपति महोत्सव शुरू



विराटनगर । प्रदेश १ को राजधानी विरटनगर महानगर पालिका-९ ठाकुरवाडी मार्गमा धार्मिक एवं सांस्कृतिक विधीविधान पुर्वक शनिवार देखि श्री गणपति महोत्सव शुरू भएको छ ।

उक्त महोत्सवमा श्री गणेश पूजन भाद्र २२ गते शनिवारदेखि २७ गते विहीवारसम्म बिहान ७ बजेदेखि, भजन कीर्तन साँझ ४ बजेदेखि, दिप यज्ञ तथा महा आरती, भजन किर्तन हुने भएको छ ।

महोत्सवमा स-परिवार बन्धुबान्धव सहित उपस्थित भई पुण्य लाभ उठाउन आयोजक समितिले हार्दिक अनुरोध गरेका छन ।

त्यसैगरी शोभायात्रा तथा विसर्जन भाद्र २७ गते विहीवार साँझ ४ बजे हुनेछ । शोभायात्रा श्री रामजानकी मन्दिर अगाडि, ठाकुरबाडी रोडबाट शुरू हुनेछ ।

सो यात्रा श्री पञ्चमुखी हनुमान मन्दिर, महेन्द्र चौक, महावीर चौक, महावीर रोड, श्री काली मन्दिर, श्री सत्यनारायण मन्दिर हुँदै तिनपैनी चौकबाट श्री हनुमान मन्दिर छेउ सिंधिया नदीमा विसर्जन गरिने कुरा आयोजक समितिका महासचिव बैजनाथ कुमार गुप्ताले वताए ।

श्री गणपति महोत्सव विगत २०६४ सालदेखि निरन्तर रूपमा हुदै आएका छन । उक्त महोत्सवमा विभिन्न संघ संस्था लगायत नागरिक समाज, बुद्धिजीवी लगायतको सहयोग रहेको छ ।

## आफ्नै सन्तालाई विष खुवाई हत्या

विराटनगर । सुन्दा पनि आश्चर्य लाग्ने, आमाको मुटु कोमल हुन्छ भन्नेहरुलाई मोरंगको सुन्दर हरैचाको घटनाले आश्चर्य चकित पारेको छ ।

जिल्ला धनकुटा पाखी बास नगरपालिका वडा नं. ५ घर भई जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ७ मालति टोलकी अस्मिता पौडेलले आफ्नै दुई छोरीलाई विष सेवन गराई मारेको आरोपमा पक्राउ परेकी छिन ।

स्मिताका अनुसार श्रीमान अर्जुन कार्कीसंग संग समान्य खटपट हँदा भाद्र १४ गते विहीवार तीन वर्षकी छोरी अर्पना कार्की र १ वर्षकी आईडा कार्कीलाई लिएर वेपत्ता भएकी थिईन । भाद्र १५ गते छोरी सहित श्रीमति हराएको हुँदा हुलिया जाहेरी श्रीमान कार्कीले ईलाका प्रहरी कार्यालय वेलवारीमा हुलिया जाहेरी दर्ता गराएकी थिईन ।

सोही दिन सुन्दरहरैचा नगरपालिका वडा नं. ७ स्थित केरा बगानमा दुई वटा बच्चा मृत अवस्थामा फेला परेको भन्ने खबर स्थानियले प्रहरी चौकी गछियामा जानकारी आउन साथ इलाका प्रहरी कार्यालय वेलवारी र जिल्ला प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षक नवराज कार्की समेत घटना स्थलमा खटि गई घटनाको प्रारम्भिक अनुसन्धान को कार्य सम्पन्न भएको थियो ।

घटना पश्चात जान सक्ने ठाउहरुमा खोज तलास कार्य जारी राखेकोमा जिल्ला प्रहरी कार्यालय झापाको समन्वयमा गरी भाद्र १९ गते जिल्ला झापा बिर्तामोड नगरपालिका वडा नं.५ स्थित पूर्वपश्चिम राजमार्ग छेउ ऐभरेष्ट बैंक अगाडि हिडरहेको अवस्थमा अस्मिता पौडेल (कार्की) फेला पारी पक्राउ गरी थुनामा राखेको छ ।




अनुसन्धानबाट भाद्र १४ गते श्रीमानसंग निर्माणाधीन घरमा पानी लगाउने विषयमा वादविवाद भएपछि निजले दुई वटी छोरीहरु साथमा लिई वारदात स्थानमा गई सोही बेलुकी निजहरुलाई बिष सेवन गराई कर्तव्य गरी मारी वारदात स्थानमा रहेको केरा बगानमा राखी थोरै मात्रामा बांकी रहेको बिषादी आफुले पनि सेवन गरी सो स्थानबाट म हिडेकी हुँ भनि बताएकिले निजैले निजका छोरीहरु १

वांकी अन्तिम पेजमा...


## सुकुम्बासीको विचल्ली

विराटनगर । कटहरी गाउँपालिका वडा नं. ४ का जगन रायले ७५ वर्ष देखि नेपाल सरकारको ऐलानी जग्गामा घर बसोवास गरी हकभोग गर्दै आएकोमा सो जग्गा विगहौ जग्गा भएको सामन्ती विराटनगर बस्ने सृजना कोईराला लगायतले आफ्नो नाममा दर्ता गरेपछि सुकुम्बासी राय अहिले विचल्लीमा परेको छ ।

रायले विराटनगरमा आज पत्रकार सम्मेलन गरी कटहरी गाउँपालिका साविक वडा नं. ७ हाल वडा नं. ४ को कित्ता नं. ७६ को क्षेत्रफल २६५ वर्गमिटर जग्गामा घर बसोवास गरी भोगचल गर्दै आएकोमा मेरो संधियारहरुले घुपचुप रुपमा आफ्नो नाममा दर्ता गरी मलाई विचल्ली बनाएको आरोप लगाए ।

रायले भने मसंग २०२४ सालमा तिरो तिरेको रसीद छ । उक्त जग्गामा मैले लगाएको विभिन्न जातका रुखहरु र घर छन् तर जग्गा अर्कैले आफ्नो नाममा दर्ता गराई सकेपछि अहिले विचल्लीमा परेको वताए ।

वांकी अन्तिम पेजमा...






### आफ्नै...

वर्षकी आईङ्गा कार्की र ३ वर्षकीअर्पना कार्कीलाई विषादी सेवन गराई कर्तव्य गरी मारी फरार भएको भन्ने खुलेको थियो । बारम्बार श्रीमान श्रीमति विच घरायसी कुरामा वाद विवाद हुने गरेको भन्ने खुलाएको ।

अस्मिताको श्रीमान कार्कीले कर्तव्यगरी नावालिका छोरीहरुको हत्या गरी फरार भएकोमा पक्राउ परी आएकोले कानुन वमोजिम ज्यान सम्वन्धी कसुरमा कारवाही गरि पाउं भनी किटानी जाहेरी दरखास्त दिएकोमा घटनाका सम्वन्धमा थप अनुसन्धान गर्न पर्ने भएकोले सम्मानित मोरङ जिल्ला अदालतबाट दिन ४ (चार) म्याद थप गरी अनुसन्धान कार्य अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

### सुकुम्बासी...

रायले बसोवास गरेको जग्गा हड्पनेमा ५० विगहाभन्दा बढी जग्गा भएकी संधियार कोइराला र अन्य दुई संधियार राजिन्दर कामत, रामप्रसाद कामतले घुपचुप रुपमा जग्गा आ-आफ्नो नाममा दर्ता गराई अहिले मैले लगाएको रुख विरुवा जबरजस्ती काटेर लाने, घर हटाउन कोईरालाले दवाव दिदै आएको छ ।

सुकुम्बासी रायले हकभोग गर्दै आएको कित्ता नं. ७६ को क्षेत्रफल २६५ वर्ग मिटर भएको जग्गालाई कित्ताकाट गरी कित्ता नं. १३४, १३५ र १३६ गरी ३ वटा कित्ता वनाएका छन् ।

जसमध्ये कित्ता नं. १३६ को क्षेत्रफल २४०.०० वर्गमिटर जग्गा विराटनगरकी सृजना कोईरालाले आफ्नो नामा भएको नम्वरी जग्गामा श्रेस्ता कायम गरेको छ भने कित्ता नं. १३४ को क्षेत्रफल ००२०.०० वर्गमिटर राजिन्दर कामत र कित्ता नं. ३५ क्षेत्रफल ००५.०० वर्गमिटर क्षेत्रफल रामप्रसाद कामतले च्यापेको रायले वताए ।

वर्षौ देखि रायले नेपाल सरकारको ऐलानी जग्गामा जीवन गुजारा गर्दै आएका थिए । अहिले त्यो जग्गा सामन्ती कोइराला समेतले गाउँपालिकाका जनप्रतिनीधि, कर्मचारी, मालपोत कार्यालय र नामी शाखाका कर्मचारी हरुलाई घुस खुवाएर रायले बसोवास गरेको ऐलानी जग्गालाई कित्ताकाट गराई सामन्तीहरुले आ-आफ्नो नाममा दर्ता गराएको प्रष्ट देखिएको छ ।

रायले आफुले हकभोग गरेको जग्गाको समस्या लिएर गाउँपालिकाका अध्यक्ष देवराज चौधरीसंग करा राख्दा अध्यक्षले कही गर्न नसक्ने जवाफ दिएको वताए ।

सुकुम्वासी रायले हकभोग गर्दै आएको जग्गा समान्ती हरुको नाम दर्ता हुनु भनेको गाउँपालिकाका जनप्रतिनिधी, कर्मचारी, मालपोत र नापी कार्यालयका कर्मचारी लगायतले आर्थिक चलखेल गरी दर्ता गराएको आशंका गरिएको छ ।

न्यायको लागि जिल्ला प्रशासन कार्यालय, मालपोत र नापी शाखा कार्यालय भौतारिदै गरेको राय अव अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिने तयारी गरेका छन् । अख्तितारले नै मलाई न्याय दिलाउने उनको भनाई छ ।

# अनलाई सट्टेवाजी गर्ने दुई पक्राउ



विराटनगर । अनलाई सट्टावाजी कार्यमा संलग्न रहेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरको छन् ।

पक्राउ पर्नेमा जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं. १२ बस्ने वर्ष २० उत्सव अर्याल र वर्ष १८ को उत्कृष्ट अर्याल एन्ड्रोईड मोवाईलमा सेटमा ठगी गपर्ने एप्सहरु मार्फत डिजिटल अनलायं खाता खोली अनलाईन मार्फत रकम दिने लिने गैरकानुनी कार्य गरेको आरोपमा पक्राउ गरको थियो ।

उनीहरुको घर कोठा खानतलासी गर्दा सीपीयू १ थान, राउटर १ थान, मोवाईल २ थान बरामद गरी जिल्ला प्रहरी कार्यालयवाट खटिएको प्रहरीले भाद्र १८ गते पक्राउ गरिएको थियो ।

मुलुकी अपराध संहिता २०७४ बमोजिम सट्टेवाजी नगर्ने कार्य गरेको कसुरमा जिल्ला अदालत मोरंगबाट म्याद थप गरी अनुसन्धान भई रहेको छ ।


## सूचनाको हक सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुल्ला र पारदर्शी कार्य सम्पादन,

सार्वजनिक निकायले उल्लेखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।


# निर्माण क्षेत्रको समस्यालाई व्यवस्थि बनाउन प्रदेश सरकार तयार : मुख्यमन्त्री

विराटनगर । निर्माण क्षेत्रको समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन् ।

विराटनगरमा निर्माण व्यवसायी संघ मोरङको साधारणसभालाई सम्वोधन गर्दै मुख्यमन्त्री कार्कीले नीति, नियम, कानून, कर्मचारीतन्त्र र कार्यसम्पादनमा भएका त्रुटीहरु सच्याएर निर्माण कार्यलाई व्यवस्थित बनाउन तयार रहेको वताउँदै मुख्यमन्त्री कार्कीले भने सबै पक्षहरुले आ-आफ्नो कमजोरी सच्याएर अघि बढ्नुपर्ने औंल्याउँदै प्रदेश सरकार पनि व्यवसायिसंग सहकार्य गरेर अघि बढ्न चाहेको वताए । उहाँले भन्नुभयो - "नयाँ सरकार बनेपछि आएको मौद्रिक नीतिले निर्माण व्यवसायी हरुमा आशा जगाएको मैले पाएको छु, निर्माण व्यवसायी र कानूनी अफ्ट्याराका कारण अझै पनि विकास निर्माणको काम दूर्त गति र गुणस्तरीय हुन सकिरहेको छैन , यसले सरकारप्रति पनि वितृष्णा बढाउने काम गरेको छ ।"

मुख्यमन्त्री कार्कीले खरिद ऐन प्रकृयामा भएक त्रुटिमा आफ्नो ध्यान गएको र यसलाई सच्याउन संघीय सरकारलाई समेत दबाब दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रदेश सरकारले गर्न सक्ने जति काम भने यही दशैं अघि नै सक्ने उहाँले बताउनुभयो । प्रदेश सरकारले लगाएका ठेक्काहरुको भुक्तानी नरोक्ने मुख्यमन्त्री कार्कीले वताए । प्रदेशले बनाएका कानुनमा केही त्रुटी भए त्यो आगामी हिउँदे अधिवेशनबाट समाधान गर्ने उहाँले बताउनुभयो । न्यून दरमा ठेक्का लिएकै कारण गुणस्तरीय काम नहुने र समयमै सम्पन्न नहुने गरेको भन्दै यसमा पनि गम्भीर हुन आवश्यक रहेको मुख्यमन्त्री कार्कीले औल्याउनुभयो । गुणस्तरीय काम नहुदा र ढिलासुस्तिले समग्र मुलुककै कार्यदक्षतामा प्रश्न उठ्न थालेकोले यस्तै अवस्था रहे मुलुक नै टाट पल्टिने चर्चा गर्दै मुख्यमन्त्री कार्कीले भन्नुभयो-"सबैले गम्भीर भएर समिक्षा गर्न जरुरी छ। सम्माननीय प्रधानमन्त्रीज्युले समेत यसलाई गम्भीर रुपमा लिनुभएको छ, प्रमुख सत्ता घटक नेपाली काँग्रेसका सभापति ज्युले पनि समास्या समाधान गर्न तत्परता देखाइरहनुभएको छ, उहाँहरु लाई राखेर समस्याको हल गर्न म तयार छु ।" उहाँले भन्नुभयो "कतिपय समस्याहरु भने निर्माण व्यवसायीकै कारण छ ।"

कार्यक्रममा निर्माण व्यवसायी महासंघका महासचिव रवि सिंहले निर्माण व्यवसायीहरुको समस्याका विषयमा जानकारी गराउनु भएको थियो । सार्वजनिक खरिद ऐन, कर्मचारीतन्त्र र सरकार, भुक्तानीमा ढिलाई लगायतका समस्याले निर्माण व्यवसायीहरु गम्भीर अवस्थामा पुगेको उहाँको भनाइ छ । कार्यक्रममा निर्माण व्यवसायीहरुलाई सहयोग गर्ने विभिन्न संघसंस्था तथा व्यक्तिहरुलाई सम्मान गरिएको निर्माण व्यवसायी संघ मोरङका सचिव राधेश्याम कट्टलले जानकारी दिनुभयो । उहाँहरुलाई मुख्यमन्त्री कार्कीले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।




परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# बच्चा आमाबाटै असुरक्षित

सुन्दा पनि अचम्भ लाग्ने, भैयभित तुल्याउन, शरिरको रौ ठाडो पर्ने घटना मोरंगको सुन्दर हरैचामा घटेको छ । बच्चा जन्मिदै खेरी फल्ने घटनाहरु केही मात्रामा सुनिएपनि आफ्नै सन्तानलाई आमाले विष खुवाई मार्ने घटनाले अहिले चर्चा पाएको छ । जिल्ला धनकुटा पाखीबास नगरपालिका वडा नं. ५ घर भई जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ७ मालति टोलकी अस्मिता पौडेलले आफ्नै दुई छोरीलाई विष सेवन गराई मारेको आरोपमा पक्राउ परेकी छिन । उनको भनाई अनुसार श्रीमानसंग समान्य वादविदाले सन्तानका ज्यान लिएको स्वीकारेकी छिन ।

अपराध पहिलने पहिले आफ्ना नाता, गोता, इष्टमित्र बाहेकका व्यक्तिहरु गर्दथे पछिल्लो समय समाजका व्यक्तिहरु नै अपराधमा संलग्न भएको देखियो अहिले त परिवारमै अपराधीहरु रहेको प्रष्ट भएको छ । अवोब दुइ वालिका ३ वर्षकी अर्पना र १ वर्षकी आईङाके दोष गरेकी थिइन । जसले आमाकै हातवाट मृत्यु वरण गर्नु पऱ्यो । साय अव अपराध हाम्रो समाजमा घर भित्रै पसि सकेको छ । बाहिरको अपराधी भन्दा पनि घर भित्रैका अपराधवाट डराउनु पर्ने भएको समय आएको छ ।

त्यसैले अबका दिनहरुमा घर भित्रै अपराध पसि सकेपछि अव घरभित्र देखिएको तनाव अथवा घर भित्र देखिएको आर्थिक मन्दीकै कारण अपराधा बढ्न थालेको छ । समाजमा देखिएको वेरोजगारी समस्या, समाजमा देखाउटी होडवाजीले गर्दा समाज गलतवाट तिर गई रहेको छ । यसलाई रोक्न समाजमा शिक्षा, स्वास्थ्य, रोजगारी र अध्यात्मिक शिक्षाको आवश्यकता रहेको छ । सरकारले समाजमा नैतिक शिक्षा र आध्यात्मकि शिक्षा लागु गरेमा यस्ता अपराधहरु रोकिने छ । त्यस तर्फ सवैले पहल गर्नु जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# राष्ट्रिय मुक्ति क्रान्ति किन र केका लागि ?

**सन्तोष मेहता**

पछिल्लो परिवर्तनका निम्ति भएको मुख्य आन्दोलन भनेको दशवर्षे जनयुद्ध र ०६२/६३ को जनआन्दोलन हो । दुवै आन्दोलनको मिलनबिन्दु बाह्रबुँदे सम्झौता थियो । जसमा जातीय तथा क्षेत्रीय विभेद समाप्त गरिने र राज्यको पुनर्संरचना गरिने उल्लेख थियो । यसमा विश्वास गरिने आधारहरू थिए । किनभने माओवादीले जनयुद्धमा जनसरकारहरू नै पहिचानमा आधारित बनाएर अभ्यास गरिरहेका थिए ।

संविधान जारी हुनुभन्दा अघि र पछि पनि मूलतः मधेसी र आदिवासीहरू आफ्ना मागहरूसहित आन्दोलरत रहे । मधेसीहरू लामो समयदेखि नेपालमा आन्दोलनरत छन् ।

यता सात दलभित्र पनि सद्भावना पार्टी (आनन्दी देवी) थियो, जसले सधैं मधेसको अधिकार र स्वायत्तको कुरा गरिरहेको थियो । आन्दोलनको ड्राफ्टमै लेखिसकेपछि उत्पीडित नेपाली जनताले विश्वास नगर्ने भन्ने भएन । यद्यपि आन्दोलनमा मधेसी, आदिवासी जनजातिले खेलेको महत्त्वपूर्ण भूमिकालाई दलहरूले सत्तामा जानेबित्तिकै बिर्सिए ।

आन्दोलनका बेला जन्म-जन्मको हाम्रो साथ छ भन्ने दलहरू कुर्सीमा पुग्नेबित्तिकै 'तपाईं को ?' भन्ने अवस्थामा पुगे । अन्तरिम संविधान घोषणापश्चात् मधेसीहरू सडकमा आए । प्रथम संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा बाध्य भएर दलहरू विरुद्ध जनजातिहरू पनि सडकमा उत्रिनुप-यो । राज्यले दुवैसँग सम्झौता ग-यो । २०६४ साउन २२ गते जनजाति महासंघ र नेपाल सरकारबिच २० बुँदे सम्झौता भयो, जसका हस्ताक्षरकर्ता महासंघको तर्फबाट डा. ओम गुरुङ थिए भने सरकारका तर्फबाट वर्तमान राष्ट्रपति तथा तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेल थिए । त्यसैगरी २०६४ भदौ १३ गते मधेसी जनाधिकार फोरम र सरकारबिच २२ बुँदे सम्झौता भएको थियो । सहमतिमा तत्कालीन सरकारका तर्फबाट वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल र फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका थिए। त्यो सहमति अपुरो भएपछि संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेपाल सरकारले संविधानसभाको पहिलो निर्वाचनअघि (२०६४ फागुन १६ गते) आठबुँदे सहमतिमा हस्ताक्षर गरेका थिए । सम्झौतामा हस्ताक्षर गर्नेहरूमा मोर्चाका तर्फबाट राजेन्द्र महतो, उपेन्द्र यादव र महन्थ ठाकुर थिए भने सरकारका तर्फबाट स्वयं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले हस्ताक्षर गरेका थिए । ती सम्झौता पूर्ण रूपले कार्यान्वयन गरिएन, कार्यान्वयन गराउनकै निम्ति संविधान निर्माणका क्रममा पनि पटकपटक आन्दोलन भए ।

एकीकृत क्रान्ति अर्थात् राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशामार्फत नै अब सबै सम्भावनाको ढोका खोलिनेछ । जनमनले देख्न, सुन्न र महसुस गर्न सक्ने खालको कार्यदिशा, रणनीति तथा कार्यनीति लिइयो भने हारेको युद्ध पुनः जित्न सक्छौं ।

नेपालमा मधेसी र आदिवासी जनजातिको आन्दोलन भनेको राज्यले लामो समयदेखि गरेको विभेदका कारण जन्मिएको संगठित अभियान हो । नेपालमा मधेसी र आदिवासी जनजातिको आन्दोलनको इतिहास लामो छ । पृथ्वीनारायण शाह र उनका सन्तानले विभिन्न कालखण्डमा आक्रमण गरी गोर्खा राज्यमा समाहित गरेसँगै मधेसी र आदिवासी विद्रोह सुरुवात भयो, ती विद्रोहमा हिंसा र दमनका घटना अस्वाभाविक रूपमा भए ।

०६२/६३ को जन आन्दोलन र लोकतन्त्रको बहालीमा महत्त्वपूर्ण योगदान र बलिदान गरेका जनजाति र तिनका एजेन्डालाई पछि महत्त्वहीन बनाइएको छ। नेपालभित्र बहुराष्ट्र छन्। ती राष्ट्रले आधुनिक राज्यमा पनि आफ्नो भूमि, भूक्षेत्र तथा स्रोतमा स्वशासन र आत्मनिर्णयको अधिकारका लागि संघर्ष गरिरहेकै छन्। नेपालका राष्ट्रहरू (आदिवासी जाति, मधेसी, खस) ले पनि विगत लामो समयदेखि आन्तरिक औपनिवेशिकताबाट मुक्त हुने तथा आफ्नो भूमिमा स्वशासन र आत्मनिर्णयको अधिकार उपयोग गर्न पाउनुपर्ने दाबीसहित गरिरहेको संघर्षको जगमा नेपालमा लोकतन्त्र स्थापित भएको हो। स्वशासन, स्वायत्तता र आत्मनिर्णयको अधिकारका लागि र भूमि-प्राकृतिक स्रोतमा सामूहिक अधिकारका लागि सशक्त दाबी गर्ने तहसम्म यो आन्दोलन आइपुग्यो ।

संविधान निर्माणकै समयमा भएको मधेस आन्दोलन तुहाइयो, मधेसी लगायत आदिवासी सम्मिलित संघीय गठबन्धनको आन्दोलन पनि तुहियो । निश्चित जनसंख्या भएका र आफ्नो थातथलोमा बाहुल्य रहेकाका निम्ति प्रदेशको सीमाङ्कन गरिएन; संविधानको धारा २९५ मा गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या निर्धारण गर्न सरकारले आयोग गठन गऱ्यो । आयोग गठन भएको एक वर्षमा प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालयमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकासमन्त्री कमल थापासमक्ष आयोगका अध्यक्ष बालानन्द पौडेलले अधुरो प्रतिवेदन बुझाए । तथापि, सरकारले ग्रहण गऱ्यो । संविधानमै उल्लेख रहेको स्वायत्त र विशेष संरक्षित क्षेत्र पनि बनाइएन ।

संविधान जारीपश्चात् पनि जनजातिका असन्तुष्टिले बेला बेला आन्दोलनका रूप लिए । जस्तै : प्रदेश १ को नाम प्रदेशसभाबाट कोशी नामाङ्कन गरिएपश्चात् पूर्वमा सो नाम सच्चाउन २०७९ फागुन १८ गतेदेखि सङ्घर्ष चल्दै आएको छ । यस आन्दोलनमा राज्यको दमनमा लाजेहाङ लिम्बु (पदम लिम्बु)ले वीरगति प्राप्त गरिसकेका छन् ।

काठमाडौं उपत्यकाभित्रै लप्सी फेदीमा जारी प्रतिरोधी आन्दोलन निरन्तर चलिरहेकै छ । अनादि कालदेखि रहेको बस्तीको माझमै सबस्टेसन बनाउने विद्युत् प्राधिकरणको ढिपीको प्रतिरोध तामाङ लगायत स्थानीयले गरिरहे तर उपयुक्त सुनुवाइ भएन । जर्सिङपौवामा हाइटेन्सन लाइनले तामाङ समुदायलाई विस्थापित ग-यो, त्यसविरुद्धको आन्दोलन होस् या आदिवासी समुदायको प्रथाजनित विवाहसम्बन्धी अभ्यासमा मनोमानी व्याख्याविरुद्धको संघर्ष होस्, यस्ता आन्दोलन छुट्टाछुट्टै भएर उपलब्धि हासिल गर्न सकिरहेका छैनन्रु।

दलीयकरण र एनजीओकरणबाट मुक्त हुन जरुरी छ, स्वदेशी तथा आदिवासी आन्दोलन । आजका दिनले नेपालका बहुराष्ट्रहरू माथि कायम रहेको औपनिवेशिकताको अन्त्य गर्दै स्वाभिमान एवं आत्मनिर्णयको अधिकार प्राप्तिको लडाइँमा लाग्ने प्रेरणा सम्बन्धित राष्ट्रभित्रका युवामा जाग्नुपर्छ । वास्तवमा विगतका आदिवासी जनजाति आन्दोलनलाई हेर्ने

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# मगही भाषामे राधाकृष्ण रथयात्रा इतिहास से वर्तमान तक

श्याम सुन्दर सुतिहार

विराटनगर। ऐशिया महादेशके दोसर वडका राधाकृष्ण रथ यात्रा विराटनगरमे भाद्र ११ गते मंगलवारके दिन लाखौ भक्त जनके सहभागीता मे सम्पन्न भेल है। राधाकृष्ण मंन्दिर विराटनगर महानगर पालिकाके संगम स्थल वडा नं. १, २ आर ३ के तीनपैनी से निकलल रथ यात्रा ६ घण्टामे ५ किलोमिटर दुरी पार करैके लेल ४३ जगह पर विश्रम करलक।

राधाकृष्ण रथ यात्राके इतिहास

बैदिक हिन्दु परम्पराके अनुसार सर्वशक्तिमान परमेश्वर प्रति श्रद्धा आर भक्तिभाव व्यक्त करैक प्रचलन आदिम कालसे मठ, मन्दिर, देवालय सव स्थापना करैके प्रचलन चलल आवै हय। वहे पृष्ठ भूमिमे राधाकृष्ण मन्दिर महाभारत कालमे विराट राजाके नगरीमे प्रचलित धार्मिक आर औद्योगिक शहर विराटनगरमे विराटनगर महानगरपालिका वडा नं. १, २, आर ३ के संगम स्थल पानीटंकी पोखरीयामे धर्मानुरागी सज्जन पौडेल बन्धु, सोमराज मुखिया (पौडेल) आर कृष्ण प्रसाद पौडेल सबसे विराटनगरके पुण्य भूमिमे विक्रम सम्वत १९८८ मे राधाकृष्ण मंन्दिर धर्म प्रेमी धार्मिक लोग पंण्डित श्री इन्द्रलाल भट्टके पहलमे स्थापना करल गेल रहय। राधाकृष्ण मन्दिर स्थापना कालसे ऐखैनतक वैदिक सनातन हिन्दू धर्मको विधी विधान अनुसार दिने पिछे पूजा आर अर्चना हुवैके साथे हरेक वरिस विभिन्न धार्मिक महोत्सव खास कैरके जनै पूर्णिमा, झुल्ल पावैन, श्री कृष्ण जन्माष्टमी पावैन, ऐतिहासिक रथ यात्रा, राधाकृष्ण अष्टमी, वान जयन्ती, महाशिवरात्री पावैन सव मनावैत आवै हय। जेकरामे से ऐतिहासिक रथ यात्रा राधाकृष्ण मंन्दिर के मात्रे नय भके पूर्वाञ्चल वासी ओकरोमे से विराटनगर बासीके गौरवमय धार्मिक पहिचान आर धार्मिक धरोहरके रुपमे स्थापित हय। यी रथ यात्रा एशिया महादेशके सबसे वडका जगन्नाथपूरीके बाद दोसर वडका रथयात्राके रुपमे प्रचलित हय। यी रथयात्रा आमजनमानसमे आध्यात्मिक चेतनाके अभिवृद्धि, विश्व वन्धुत्वके भावना, धार्मिक सहिष्णुता आर साम्प्रादायिक सद्भावके प्रतिकके रुपमे स्थापित भेल हय।

मन्दिर स्थापना संगे विक्रम सम्वत १९८८ सालसे युगल जोडी भगवान श्रीराधाकृष्ण आरुढ 'खट' यात्रासे प्रारम्भ भेल ऐतिहासिक जात्रा विक्रम सम्वत् २०२५ सालसे स्वर्गीय वृ.ज. भूपालमान सिंह कार्की आर स्व. सत्यनारायण धनावतद्धय भव्य आर विशाल रथके निर्माण कैरके निरन्तर रथयात्रा महोत्सव संचालन होते आरहल हय। २०८१ के वरिसमे ९३ औं महोत्सव भव्य रुपमे वनावक लेल आर रथयात्रा महोत्सवमे नेपाल आर भारतके सव जात, जाति, वर्ण आर लिङ्गके करीब ५ लाख श्रद्धालु भक्तजनके प्रत्यक्ष उपस्थिति मे सम्पन्न करलाके वाद खुशी महशुस करलक।

सब वरिसके समान यैवेर श्री कृष्ण जन्माष्टमीके दोसरका दिन अर्थात २०८१ साल भाद ११ गते दोपहरके ३ बैजके ३० मिनटमे यूगल जोडी भगवान् श्रीराधाकृष्ण विराजमान रहल रथ मन्दिरसे सुरु कैरके मेनरोड, ट्राफिक चौक, रोडशेष, महेन्द्रचौक, धरान रोड, वरगाछी भक मन्दिर परिसरमे आइवके लेल ४३ स्थानमे विश्राम लेलक।

राधाकृष्ण विराजमान रथ ५ किलोमिटरके दुरी ६ घण्टाके समयावधिमे कर लक। रथयात्रा संचालनके लेल १ महिना अगावेसे वृहत धार्मिक सभाके आयोजना करैके रथयात्रा समारोह समिति गठन कैरके सक्रिय रुपमे रथयात्राके तयारीमे जुटल रहल रहैय। ऐतिहासिक रथयात्रा महोत्सव २०८१ के व्यवस्थित आर हर्षोउल्लास के साथ मनावैके ले कोशी प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, विराटनगर महानगर पालिका, जिल्ला प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, उद्योग एवम् व्यापारीक प्रतिष्ठान लगायतके धार्मिक संघ संस्था सवके प्रत्यक्ष सहयोग आर महत्वपूर्ण भूमिका रहल हय।

श्रीराधाकृष्ण विराजमान रथ पेगोडा शैलीमे बनल रहल जेकर लम्वा २२ फिट, चौडा २४ फिट आर उचा १८ फिट रके हय। रथके आगा भागमे जुआसे ७५ फिट लम्वा दायाँ आर बायाँ दोनो तरफ मोट डोरी दायाँ तरफसे डोरी पुरुष भक्तजन आर बायाँ तरफके डोरीमे महिला भक्तजन सव पकैडके तैनके रथ संचालन करैके परम्पराके निरन्तरता दिले गेल हय।

रथके मध्यभागमे युगल जोडी भगवान् श्रीराधाकृष्ण आरुढ 'खट' कैरके ५ गोटे पंडितजीके समुह, प्राविधिक १ गाटे कमिटिके तर्फसे १ गोटे कैरके ७ गोटे रथमे रहेके व्यवस्था रहल हय। उ रथके अग्र भागमे विभिन्न जातजाती, सम्प्रदाय, धर्म एवम् संस्कृति झल्कके वाला झाँकी आर भजन मण्डली सव ताती लगल रहल। ऐ वरिसके रथयात्रा समारोहके मुख्य आकर्षकके रुपमे रथ जायवला रास्तामे पूष्प वर्षा रहल। रथयात्रा महोत्सवके समुद्घाटन कोशी प्रदेशके मुख्य मन्त्री हिक्मत कुमार कार्की आर विराटनगर महानगरपालिकाके प्रमुख नागेश कोईराला संयुक्त रुपमे करलक।

वृहत धार्मिक सभासे श्रीराधाकष्ण रथ यात्रा समारोह समिति २०८१ मन्दिर कार्यत्तमितिके अध्यक्ष श्री कैलाश रेग्मीके अध्यक्षतामे ५०९ सदस्यीय मूल समारोह समिति गठन कैरके ओकर मातहत १८ टा उपसमिति सव निर्माण कैरके संयोजक सव चयन करल गेल रहैय।

समिति सवमे

रथके मुख्य सारथी पं. भवानी शंकर निरौला, रथ सञ्चालन आर झाँकी उपत्तमितिके संयोजकमे श्री सुरेश जायसवाल, रथ श्रृङ्गार उपसमितिके संयोजकमे श्री आनन्द जाजू, सुपरिवेक्षण उपसमितिके संयोजकमे श्री मोहन भट्टराई, सहसंयोजकमे ध्रुव क्षेत्री, डम्वर बहादुर कार्की, प्राथमिक उपचार उपसमितिके संयोजकमे श्री मीना जोशी, प्राविधिक उपत्तमितिके संयोजकमे श्री दिपक प्रधान, स्वयम सेवक उपत्तमितिके संयोजकमे श्री सन्तोष महत (सेन्ट्रो), सहसंयोजकमे श्री पवन भट्टराई, श्री सचित ओझा, प्रसाद व्यवस्थापन उपसमितिके संयोजकमे श्री अंकित मारु, सहसंयोजकमे श्री सोनु रौनियार, पिउने पानी व्यवस्थापन उपसमितिके संयोजकमे श्री सुनील साह, विद्युत व्यवस्थापन उपत्तमिति के संयोजकमे श्री मोहन प्रसाद गिरी, सडक लोक सांस्कृतिक उपसमितिके संयोजकमे श्री ओम प्रकाश राठी, फोहोर व्यवस्थापन उपसमितिके संयोजकमे पुनम दाहाल, सोसल मिडिया विभाग उपसमितिके संयोजकमे श्री अभिषेक भट्टराइ, सहसंयोजकमे श्री सुवास भण्डारी, प्रचारप्रसार उपसमितिके संयोजकमे श्री तारा आचार्य, सहसंयोजकमे श्री नविन चन्द्र कर्ण, श्री अनुज सापकोटा, श्री प्रेम देवान, अध्ययन तथा अनुसन्धान उपनमितिके संयोजकमे श्री शंकर खरेल, सहसंयोजकमे श्री सरोज पौडेल, नगर श्रृङ्गार उपसंयोजकमे श्री लल्कू सहनी, जुवा व्यवस्थापन उपसमितिके संयोजकमे श्री सुजित चेल, मन्दिर श्रृङ्गार उपसमितिके संयोजकमे श्री दिपक अग्रवाल रहलन।

वहीना श्री राधाकृष्ण मन्दिर व्यवस्थापन समितिमे श्री अन्जु कार्की संयोजकमे, श्री लिलानाथ बराल सहसंयोजकमे, सदस्य सवमे श्री चम्पालाल राठी, श्री हरिवहादूर काकी, श्री दामोदर प्रसाद धिमिरे, श्री पुनम कुमार गुप्ता, श्री बाबूराजा ओझा रहलन। श्री राधाकृष्ण मन्दिर कार्य समितिमे श्री कैलाश रेगमी अध्यक्षमे, श्री नन्दकिशोर राठी उपाध्यक्षमे, श्री कृष्ण बहादर कार्की सचिवमे, मा. भीम पराजुली सह सचिवमे, वजरंग वाहेती कोषाध्यक्षमे, प्रा. कपिल कुमार भण्डारी बरिठ सदस्यमे, आर सदस्य सवमे श्री नविनिता रिजाल, श्री अन्जना थापा, हेमराज पौडेल, नरेश राठी रहलन।

पुरस्कार सम्वन्धमे

मंन्दिर समितिके मातहत मे विभिन्न पुरस्कार सब श्रीकृष्ण जन्माष्टमीके धार्मिक सभामे हरेक वरिस प्रदान करलजाय हय। उ परस्कार मध्ये पोखरल राठीके स्मृतिमे राठी परिवारसे स्थापना भेल "पोखरमल राठी धर्मसंस्कृति पुरस्कार एहे वरिस विराटनगरके श्री विराटेश्वर वृद्धाश्रम सेवा समितिके अध्यक्ष, समाजसेवी श्री जगत अर्यालके सम्मानपत्र सहित १ लाख १ हजार राशी प्रदान करल गेल हय।

वहिना संस्कृत अध्ययन करैवाला बटुक सवके पुरस्कार राशी वितरण करैकेलल विभिन्न धर्मानुरागी महानुभाव सवसे जम्मा करलगेल अक्षय कोष रुपियाँके प्राप्त व्याज रुपियाँसे पुरस्कार स्वरुप प्रत्येक वरिस

वांकी ४ पेजमा...

# अभिमुखिकरण अभियान आन्दोलनको तयारी : यादव




विराटनगर। जनता समाजवादी पार्टी नेपालले सातै प्रदेशमा संचालन गरी जनतासंग जसपा, नेपाल : आधारभुत सङ्गठन निमार्ण अभियान अन्तर्गत मंगलवार अभियन्ता अभिमूखिकरण कार्यक्रम आन्दोलनका तयारी भएको जनता समाजवादी पार्टी नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले वताएका छन्।

जसपा नेपाल १ नं. प्रदेशले विराटनगरमा आयोजना गरेको अभियन्ता अभिमूखिकरण कार्यक्रमका प्रमुख अथिति जसपा नेपालका अध्यक्ष यादवले सो कार्यक्रमको समुद्घाटन गर्दै सो कुरा वताएको हो।

संविधान संशोधन गर्नको लागि दुईवटा ठूलो पार्टीहरु नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार वनाएको छ। हामी पनि संविधान संशोधन गर्न नै चाहेको हो तर त्यो संशोधन मधेशी, आदीवासी जनजाति, दलित लगायत पिछडिएको जातिको अधिकारको लागि र पहिचात सहितको १० प्लस १ प्रदेशको आवधारण ल्याउने गरी संविधान संशोधन गर्नुपर्छ अन्यथा अब मधेशमा मात्र आन्दोलन हुँदैन देशभरी नै जसपा आन्दोलमा उत्रिन्छ त्यसैको तयारी स्वरुप अभिमुखिकरण भई रहेको अध्यक्ष यादवले वताए।

वहांले अभिमूखिकरण कार्यक्रम अभियन्तालाई अभिमुखिकरण गुर्न भन्दा पनि धेरै समय सरकारलाई गाली गर्न मै खर्चेका थिए। मधेश आन्दोलवाट २०६३ सालवाट राजनीतिक यात्रा शुरु गरेका यादव प्राय सवै सरकारमा भागबण्डाका आधारमा सहभागी भएको थिए। सरकारमा सहभागी भएका वेला सरकारको विरोधमा चुईक नबोलने अध्यक्ष यादव दुई ठूला दल मिलेपछि सरकारमा सहभागीता नपाएपछि जम्मा ४३ मिनेट बोलेकोमा अध्याधिक समय सरकारको विरोध गर्नमै खर्चेका थिए।

समग्र मधेश एक प्रदेशको नारा लगाउने अध्यक्ष आदल ८ जिल्लालाई मधेश प्रदेश बनाएकोमा गौरव ठान्दै भने हाम्रो प्रदेशमात्र पहिचानका प्रदेश हो। अरुत राजाहरुले नदीको नाममा अञ्चल वनाए अहिलेका नेताहरु पनि नदीकै नामवाट प्रदेश बनाए। फोहर वग्ने नदी पनि पहिचान हन्छ भनेर प्रश्न गरे। चार महिना सम्म जसपा अभियन्ता अभिमुखिकरण अभियान संचालन गर्ने त्यसपछि एकल जातिय शासक विरुद्ध देश भर आन्दोलन गर्ने जसपा केन्द्रीय अध्यक्ष यादवले वताए।

रकम चेम्जोङ सह अध्यक्ष जनता समाज वादी पार्टी, नेपाल, राम कुमार शर्मा महासचिव, केन्द्रीय सदस्य संजय सिंह, लगायत दजनौ नेतागण र सयौ कार्यकर्ताको उपस्थिति रहेको थियो। उक्त अभियान्ता अभिमूखिकरण अभियान कार्यक्रम जसपा नेपाल १ नं. प्रदेशको अध्यक्ष दिपक याँखाको अध्यक्षतामा सम्पन्न भएको थियो।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्थाको १२ औं साधारणसभा भव्यताका साथ सम्पन्न

विराटनगर । विराटनगर महानगरपालिका वडा नं.८ प्रगती विनायक टोलमा रहेको सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिवार १२ औं वार्षिक साधारणसभा सभा भव्यताका सम्पन्न भएको छ ।

साधारणसभाका प्रमुख अतिथि कोशी प्रदेश सहकारी संघका अध्यक्ष डिल्ली पोखरेलले पानसमा बत्तीवाले समुद्घाटन गर्दै भने सहकारीमा अहिले देखिएको समस्याका बाबजुद सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लि.को लेखा परिक्षण प्रतिवेदनले राम्रो देखिएको बताउँदै देशभरीमा ३५ हजार सहकारी मध्ये सयवटाले बदमासी गरेको छ अन्यले त समाजमा राम्रैकाम गरेको छ। त्यसैले खराब काम गर्ने सहकारीलाई दण्डीत गर्दै राम्रालाई सरकारले प्रोत्साहन गर्नुपर्ने बताए ।




सोही अवसरमा राष्ट्रिय सेवक केन्द्रीय समन्वय समितिका सचिव, कोशी प्रदेश बचत संघका उपाध्यक्ष जीवन काफ्ले भने सहकारी सम्पूर्ण सदस्य शेरधनीहरुको सहकार्यले चल्ने संस्था भएकोले सबै सदस्यहरुले सहकारीको बारेमा बुझ्न जरुरी भएको भन्दै शेयर धनी सदस्यहरुले सहकारीमा निगरानी गर्नु पर्ने सुझाब दिए ।

कोशी प्रदेश बचत संघका लेखा समिति संयोजक विरेन्द्र यादव, विराटनगर महानगर पालिका वडा नं. ८ अध्यक्ष राम पोखरेल प्राडादेवी बहादुर थापा, माधव प्रसाद ढुंगेल लगायतले वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गरेको थिए ।

आर्थिक वर्ष २०८०/२०८१ मा सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था प्रालिको सम्पत्ति दायित्व २ करोड २४ लाख ९४ हजार ७४ रूपिया ९५ पैसा रहेको छ। आन्दानी २६ लाख ५१ हजार १ सय ९४ रूपिया ९४ पैसा रहेको छ। खर्च २६ लाख ५ सय ६४ रूपिया खर्च गरेको छ भने २ करोड ५० लाख ६ हजार ६ सय ३६ रूपिया कारोवार गरेको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

साधारण सभामा +२ र एसईईमा उत्कृष्ट अंक लयाउने शेयर सदस्यका सन्तती, असल बचत कर्ता, असल ऋणी र एक जना जेष्ठ नागरिकलाई सम्मान गरेका थिए ।

खुल्लासत्र पछि बन्द सत्रमा सहकारीको कार्यक्षेत्र जिल्ला भरी भनाएकोमा यसबाट हुने फाईदा र बेफाईदाका बारेमा छलफल गरी संस्थालाई अगामी दिनमा अझ मजबुत बनाएर लाने भन्दै सर्वसम्मतिले कार्यसमिति चयन गरेका छन्।

सर्वसम्मतिले अध्यक्ष राजेन्द्र कुमार थापाको अध्यक्षतामा ११ सदस्य कार्यसमिति र ३ सदस्य लेखा सुपरिवेक्षण समिति चयन गरेका छन्। कार्यसमितिको उपाध्यक्ष गंगा प्रसार कोइराला, सचिव कृष्ण भट्टराई, कोषाध्यक्ष श्याम सुन्दर सुतिहार रहेका छन्। त्यसैगरी सदस्यहरू रोहणी रमण दवाडी, शिव प्रसाद अधिकारी, लक्ष्मी आचार्य, बाल्मिका बस्नेत, दिनावति चौधरी, विरेन्द्र थापा र गणेश खड्का रहेका छन ।

त्यसैगरी लेखा सुपरिवेक्षण समिति संयोजकमा शेर बहादुर सुवेदी सदस्यहरूमा माधव खतिवडा, मनोरमा निरौला रहेका छन। २०६९ सालमा दर्ता भएको सहमति शिक्षा बचत तथा ऋण सहकारी संस्था लि.को कुल सदस्य संख्या ३ सय ३१ रहेको छ।

सहकारीको खुल्ला तथा बन्दसत्र सहमती शिक्षा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेनद्र कुमार थापाको अभ्यक्षतामा सम्पन्न भएको थियो ।

# लागुऔषध सहित १८ प्रहरीको फन्दामा

विराटनगर। झापा, इलाम, मोरंग, सुनसरी, धनकुट्टा र भोजपुरबाट प्रतिवन्धित लागुऔषध ब्राउन सुगर सहित १८ जना जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ परेका मध्ये मोरंग लागुऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा झापाको मेचीनगर नगरपालिका-६ स्थितबाट भारत वेष्टबंगालका २२ वर्षीय मनोज शर्मालाई १ ग्राम, मोरङ बेलबारी नगरपालिका-४ का २८ बर्षीय बिरेन लोवालाई १० ग्राम, दमक नगरपालिका-९ का २४ बर्षीय तिलक मग्रातीलाई १ ग्राम र सप्तरी सुरुङ्गा नगरपालिका-१ का २२ बर्षीय एलन बिष्टलाई ६ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसै गरी भोजपुरको प्रहरी चौकी प्याउलीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा भोजपुर नगरपालिका-९ का ३१ बर्षीय जसिन राईलाई ३ ग्राम ७६ मिलि ग्राम ब्राउन सुगर सहित र इलामको प्रहरी चौकी दानाबारीले माई नगरपालिका-१ का ३५ बर्षीय तिर्थ गिरीलाई १ ग्राम ८२० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

मोरङ र सुनसरीबाट लागुऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको थियो। भदौ १९ गते मोरङको सुनवर्षी नगरपालिका- ६ स्थितमा इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले मे. ६ प १८२८ नम्बरको स्कुटरबाट प्रतिवन्धित औषधी ट्रामाडोल २ हजार ४ सय २० क्याप्सुल बरामद गरेसगै स्कुटर चालक स्थानीय २२ बर्षीय अप्सर आलम र स्कुटरमा पछाडी सवार सुनवर्षी-८ का २८ बर्षीय प्रदिप कुमार राजवंशीलाई पक्राउ गरेको थियो।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले कोशी गाउँपालिका-१ बाट स्पास्मो ८ र नाईट्राभेट ८ ट्याब्लेट सहित बराहक्षेत्र नगरपालिका- १० का २० बर्षीय सुरज खत्रीलाई पक्राउ गरेको थियो ।

मोरङ, सुनसरी र धनकुटाबाट लागुऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको थियो। भदौ १८ गते मोरङको बिराट नगर-१६ दरैया स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सुनसरी दुहवी नगरपालिका-११ का २३ बर्षीय इसान चौधरीलाई ३ ग्राम ४५ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

इलाका प्रहरी कार्यालय पथरीले शनिश्चरे नगर पालिका-३ का ३५ बर्षीय कमल लिम्बु र २१ बर्षीय पवन बिश्वकार्मलाई २ सय ५० ग्राम गाँजा सहित पक्राउ गरेको छ । त्यसैगरी सुनसरीको अस्थायी प्रहरी पोष्ट रेल्वेले धरान-११ का २१ बर्षीय अंकित तामाङ, धरान- १७ का २१ बर्षीय रवीन राई र धरान-१६ का ३० बर्षीय विशाल लिम्बुलाई २३० मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

प्रहरी चौकी सिधुवा धनकुटाले छथर जोरपाटी गाउँपालिका-५ का २२ बर्षीय लक्षु शेर्पा, मोरङ सुन्दरहरैचा नगरपालिका-८ का २१ बर्षीय प्रवेश लिम्बु र सुन्दरहरैचा- ९ की २० बर्षीया सलिना क्षेत्रीलाई निषेधितऔषधी ट्रामाडोल र डिकोलिक १४१ ट्याब्लेट सहित पक्राउ गरेको थियो।

लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका उनिहरुको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको छ।

### मगही...

आयोजना होइवला श्रीकृष्ण जन्माष्टमीके धार्मिक सभामे प्रदान करल गेल ।

अक्षय कोष खडा करैवाला सब श्री हरीदेवी चापागाईं छात्रवृत्ती अक्षयकोष ५१ हजार, श्री नारायण प्रसाद/महामाया भण्डारी छात्रवृत्ति अक्षयकोष ५१ हजार, श्री तारानाय/ पवित्रादेवी धिमिरे छात्रवृति अक्षयकोष ७५ हजार, नथुनी प्रसाद जायसवाल छात्रवृति अक्षयकोष ५१ हजार, जगतवन्धु/अन्जु कार्की छात्रावृत्ति अक्षयकोष १ लाख रहल हय ।

वहिना मन्दिरके दैनिकी पूजा अर्चनाके लेल देवराज/गंगादेवी थापासे अक्षयकोष स्वरूप १ लाख १ हजार जम्मा रहल हय ।

रथ यात्रा सफल वनावैके लेल विराटनगर महानगर पालिका, जिल्ला ट्राफिक कार्यालय मोरङ, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलीकम विराटनगर, केवल च्यालन एवम् नेट प्रदायक संघ/संस्थाहरु, कोशी अञ्चल अस्पताल, विराटनगर, नेपाल खानेपानी संस्थान लगायतके सयोग रहल हय ।

रथ विश्राम स्थल सब : राधाकृष्ण मन्दिर गेट अगाडी, तीनपैनी चौक, धनावत निवास, शंकरपुर जाने मोड, विराटेश्वर महादेव मन्दिर, महानगर पालिका चौक, गोल्छा चौक, वडा प्रहरी कार्यालय, सत्यनारायण मन्दिर, सात घुम्ती मोड, जैन भवन लक्ष्मी सनराई बैंक अगाडी, जलजला चौक काली मन्दिर, बाटा गल्ली चौक, पञ्चमुखी हनुमान मन्दिर, राष्ट्रिय बाणिज्य बैंक, कर कार्यालय, ट्राफिक चौक, एक्वा पार्क अगाडी, भूमी प्रशासन चौक, राडशेष चौक, कलेज मोड, बसपार्क, महेन्द्र चौक, एन.आई.डो.सी. भवन, सरीचिया चौक, महाविर रोड चौक, शनिमन्दिर चौक, भाटभटेनी अगाडी, शिव मन्दिर चौक, सत्यनारायण मा.वि., भृकुटी चौक, विद्युत प्राविधिकरण, विराट नर्सिङ्ग होम, मुनालपथ, बरगाछी, बासुकी नाथ मन्दिर मोड, शंकरपुर जाने मोड, दुर्गा चौक, पानीट्यांकी चौक, राधाकृष्ण मन्दिर मे रथ विश्रम लेलक।

नृत्यप्रदर्शन स्थल :

शिव मन्दिर चौक, भृकुटी चौक, विराट नर्सिङ होम चौक, बरगाछी चौक, शंकरपुर जाने बाटो मोड पानीट्यांकी चौक। राधाकृष्ण मन्दिर, शनिहाट चौक, नेपाल बैंक लि., सिटी अफिस, बुधहाट चौ, भूमीप्रशासन चौक, बस पाकबसपार्क, तीनपैनी चौक, अतिथि सदन, काली मन्दिर, ट्राफिक चौक, रोडशेष चौक, महेन्द्र चौक, सरौचिया चौक, शनिमन्दिर चौक, शिवमन्दिर चौक। भृकुटी चौक, मुनालपथ चौक, बरगाछी चौक, पानीट्यांकी चौक र दुर्गा चौकमे भव्य नृत्य प्रस्तुत करैत रथयात्रा राधाकृष्ण मन्दिरके प्रागणमे विश्रम लेलक ।




## सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर, कोशी प्रदेश**

क्राईम अपरेशन

# अदालतको अवहेलना मुद्दा गरेपछि यूनाईटेड अजोडले गरियो पत्रकारहरूको कोरोना विमा भुक्तानी

विराटनगर । नेपाल पत्रकार महासंघ मोरंगले साविक अजोड इन्स्योरेन्स हालका यूनाईटेड अजोड इन्स्योरेन्स कम्पनी लगायतलाई विपक्षी वनाई उच्च अदालत विराटनगरमा दर्ता गराएको अदालतको अवहेलना मुद्दाका कारण २९ जना मोरंगका पत्रकारहरुको कोरोना विमाको भुक्तानी गरेका छ ।




अदालतको अवहेलना मुद्दा दर्ता गराउन गएका अधिवक्ता रामलाल सुतिहारसंग पत्रकारहरु । तस्वीर : श्याम सुन्दर सुतिहार

कोरोना बीमा बापतको भुक्तानी पाउँन बाँकी रहेका २९ जनाले १/१ लाखका दरले भुक्तानी पाउने भएका छन् । बीमा कम्पनीले भुक्तानी पाउन बाँकी रहेकाहरूको रकम बराबरको चेक नेपाल पत्रकार महासंघ मोरङलाई उपलब्ध गराएको छ ।

महासंघका सदस्यहरूको कोरोना बीमाबापतको रकम भुक्तानीमा अटेर गरेपछि नेपाल पत्रकार महासंघ मोरङका तर्फ सचिव नेत्र पी अधिकारीले २०७८ भदौ २१ गते उच्च अदालत विराटनगरमा रिट दायर गरेको थियो। कोरोना महामारीको पहिलो लहरमा पत्रकार महासंघ मोरङ र अजोड इन्स्योरेन्सबीच द्विपक्षीय सम्झौता भई २ सयभन्दा बढी पत्रकार र उनीहरूका परिवारका सदस्यको कोरोना बीमा गरिएको थियो। बीमा अवधिसम्म संक्रमित भएकामध्ये २० जनाले मात्र बीमा दाबी भुक्तानी पाएका थिए। बीमा अवधिसम्म संक्रमित भएका र सम्पूर्ण कागजात पुगेपनि अन्य २९ जनाले भुक्तानी पाउन बाँकी रहेको थियो।

०७९ जेठ १६ गते उच्च अदालत विराटनगरका तत्कालीन कायममुकायम मुख्य न्यायाधीश सत्यमोहन जोशी थारू र न्यायाधीश जगतनारायण प्रधानको संयुक्त इजलासले कोरोना बीमाको रकम भुक्तानी गर्न अजोड इन्स्योरेन्स कम्पनीका नाममा परमादेश दिएको थियो।

अदालतको अवहेलना मुद्धा दर्ता अघि उच्च अदालत विराटनगरले गत वैशाख २५ गते आदेश बमोजिम भुक्तानीका लागि बीमा कम्पनीलाई पत्र पठाएको थिया े। अदालतको परमादेशलाई पनि अटेर गरेपछि नेपाल पत्रकार महासंघ मोरङले अजोड इन्स्योसेन्स कम्पनी विरुद्ध अदालतको अवहेलना मा सजायको माग गर्दै गत असार १० गते मुद्धा दर्ता गरेको थियो। उच्च अदालत विराटनगरले असार ११ गते अदालतको अवहेलना मुद्धामा युनाइटेड अजोड इन्स्योरेन्स कम्पनीलाई सात दिन भित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो।

न्यायाधीश ममता खनाल र सुर्यनाथप्रसाद अधिकारीको संयुक्त इजलासले निवेदक नेपाल पत्रकार महासंघ मोरङको माग बमोजिम अदालतको अवहेलनामा कारवाही गर्नु नपर्ने आधार र कारण भए प्रमाण सहित ७ दिन भित्र आफै वा कानुन बमोजिम प्रतिनिधि मार्फत तथा विपक्षी नं ४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विपक्षी नं. ५ अर्थ मन्त्रालयले उच्च सरकारी वकिल कार्यालय विराटनगर मार्फत लिखित जवाफ पेस गर्न उच्च अदालतले आदेश दिएको थियो। उच्चको आदेश बमोजिम बीमा कम्पनी र नेपाल बीमा प्राधिकरणले लिखित जवाफ पेश गरिसकेका छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय र ५ अर्थ मन्त्रालयले जवाफ पेश गर्न बाँकी रहेको थियो ।

अदालतको अवहेलनामा कारबाही मुद्दाको फैसला आउनुअघि नै बीमा कम्पनीले भुक्तानी हुन बाँकी २९ जनाको भुक्तानी पठाएको छ। गत साउन २२ गते नेपाल पत्रकार महासंघ मोरङको समन्वयमा नेपाल बीमा प्राधिकरणसँग महासंघ कार्यालयमा गरिएको अन्तरक्रियामा प्राधिकरणका अध्यक्ष सुर्यप्रसाद सिलवालले कोरोना बीमाको रकम भुक्तानी गराउने काठमाडौं पुग्ने बितिक्कै बीमा कम्पनीहरूसँग छलफल गर्ने उनले बताएका थिए ।

## राष्ट्रिय...

हो भने कुनै न कुनै राजनीतिक दलको विचार र छत्रछायामा गएर विलय हुने गरेको छ । अब यसबाट बचेर आफ्नै राजनीतिक शक्ति बनाउन आवश्यक छ । देशमा एकत्रित आन्दोलनको प्रण आवश्यक छ । तसर्थ यसले अधुरा रहेका क्रान्तिलाई पूरा गर्नका निम्ति नयाँ एकीकृत संघर्षको माग गर्दछ ।

मधेसीले ६-६ महिना लामो आन्दोलन गरे, निष्कर्षमा पुग्न सकिएन । काठमाडौं केन्द्रित विभिन्न आन्दोलन भए तर तुहिए । निर्वाचनमा भाग नलिने भनेर निर्णय गरियो, निर्वाचन केन्द्रित आन्दोलनका कार्यक्रम गर्न थालियो तर सँगैका सहकर्मी धोका दिएर निर्वाचनमा भाग लिन पुगे । यसपश्चात् त वास्तवमा हामी समानताको लडाइँको एउटा अध्यायमा हारिसकेका थियौं । संविधान निर्माण वरपर भएका आन्दोलन हरू पनि एक प्रकारले युद्ध नै थिए, नेपालको संस्थापन पक्षसँग आत्मगौरवका निम्ति लडिएको एक कालखण्डको विनाहतियार को शान्तिपूर्ण युद्ध । जुन युद्ध हामी हारिसकेका छौं । युद्ध वा क्रान्तिको पनि एउटा विज्ञान हुन्छ । कुनै पनि युद्ध हारिसकेपछि हारेको पक्षसँग तीनवटा विकल्प हुन्छन् । एउटा आत्मसमर्पण गर्नु, दोस्रो अब के गर्ने न गर्ने अन्योलमा रहनु र यतिकै निष्क्रिय भएर सिद्धिनु र तेस्रो पुनः उक्त हारेको युद्ध जित्ने तयारी गर्नु हो ।

पहिलो विकल्प फाइदाको विकल्प हो, दोस्रो विकल्पले आत्मसमर्पण नगरेको त जनाउँछ तर वास्तवमा त्यो आत्महत्याको विकल्प हो । महान् क्रान्तिमा रहेकामध्ये कोही-कोही आत्मसमर्पण गर्दैर आत्मालोचित हुँदै फर्के; कोही निष्क्रिय रहे । तिनीहरूमध्ये राजेन्द्र महतो पुनः जित्ने गरी तयारीमा लागे, उनले राष्ट्रिय मुक्ति क्रान्तिको आह्वान गरेका छन् ।

गोरेबहादुर खपांगी नेतृत्वको जनमुक्ति पार्टी र सद्भावना पार्टीले २०४८ सालको चुनाव एउटै चुनाव चिह्नमा लडे । मधेसको उत्तरी सहर धरान लगायत ठाउँमा सद्भावना र जनमुक्तिको संयुक्त कार्यालय थियो । दुवै पार्टीको झन्डा एउटै घरमा राखिएको थियो । सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रबाबु मधेसी उत्पीडनको मात्र होइन, जनजातिको उत्पीडनको पनि कुरा गर्थे । अब पुनः बेला भएको छ, यी दुवै लिगेसीहरू एक ठाउँमा आउनुपर्छ । अधिकार र पहिचान खोज्ने सबैलाई एकत्रित नगरी हाम्रो माग पुरा हुँदैन । अधुरो र अपुरो क्रान्तिको कार्यभारलाई पूरा गर्ने विषय सामान्य होइन । विगतको शिक्षा र वर्तमानको यथार्थबिच नवीनतम क्रान्तिको खाका कोर्ने कुरा जटिलभन्दा जटिल हो । त्यसका लागि हजारौं नेता, कार्यकर्तालाई जुझारु, क्रियाशील र लाखौं जनताको पंक्तिलाई क्रान्तिको प्रक्रियामा गोलबद्ध गर्नुपर्छ ।

हारेको मनोविज्ञानले क्रान्ति असम्भव देख्छ र नेतृत्वप्रतिको अविश्वास गर्छ । त्यसैले ऐतिहासिक कार्यभार अगाडि बढाउन क्रान्तिकारी पार्टी र दूरदर्शी नेतृत्वको समूह आवश्यक छ नै । एकीकृत क्रान्ति अर्थात् राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशामार्फत नै अब सबै सम्भावनाको ढोका खोलिनेछ । जनमनले देख्न, सुन्न र महसुस गर्न सक्ने खालको कार्यदिशा, रणनीति तथा कार्यनीति लिइयो भने हारेको युद्ध पुनः जित्न सक्छौं, हारेको मनोविज्ञान पुनः उठाउन सक्छौं।

निश्चित रूपमा क्रान्ति जटिल प्रक्रिया हो । पुरातन कार्यदिशा र अरुहरू हिँडेको बाटोबाट क्रान्ति सम्भव हुँदैन । अवश्य पनि आफैँले खन्दै, बनाउँदै, अजङ्गको महाविपत्तिहरू झेल्दै, गम्भीर चुनौतीको सामना गर्दै नयाँ शिखर यात्रामा लम्कनुपर्छ । क्रियाको प्रतिक्रिया दिएर इमोसनल कुराहरू भड्काएर मात्रै हुँदैन ।

बाटो बनाउँदै गर्दा भीमकाय चट्टान देखिन्छन् र पर्खालहरू भेटिन्छन् । जब क्रान्तिको वेगवान् प्रवाहले ती सबैलाई छिचोल्दै अघि बढ्छ । तब मात्र हाम्रो आस्था र विश्वासको गन्तव्य बहुल राष्ट्रसहितको राज्य र हाम्रो पूर्वीय दर्शनमा आधारित मौलिक स्वदेशवादमा पुग्ने राजमार्ग तयार हुँदै जान्छ ।

नयाँ यात्रा, नयाँ बाटो, नयाँ दिशाबोधसहित राष्ट्रिय मुक्ति क्रान्तिले आफ्नो विकास प्रक्रियामा नेपाल र परिवर्तित विश्वका विशेषता पक्रँदै नयाँ संश्लेषण गर्न सक्नुपर्छ । गोलचक्करवाद, आत्म समर्पण वाद र विसर्जनवादका विरुद्ध निर्णायक क्रान्तिको आँधी सिर्जना गर्न सक्नुपर्छ । (लेखक राष्ट्रिय मुक्ति क्रान्तिका नेता हुन् ।) रातोपाटीबाट

# विभिनन विमान स्थलबाट उडान गर्न पहल शुरु

विराटनगर । कोशी प्रदेश का पहाडी तथा हिमाली जिल्लाहरुलाई प्रदेश राजधानी विराटनगरसँग जोड्न विभिन्न विमानस्थवाट उडान सुरु गर्न कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले पहल शुरु गरेका छन् ।

विराटनगरमा आयोजित दोश्रो आवधिक योजना निर्माणमा सहयोग गर्ने प्राध्यापकहरुलाई प्रमाणपत्र वितरण कार्यक्रमलाई सम्बोधन गर्दै कोशी प्रदेशमा ११ वटा विमानस्थल रहेको भएपनि एक दुईमा मात्रै उडान भइरहेको भन्दै मुख्यमन्त्री कार्कीले विराट नगरबाट पहाडी र हिमाली जिल्लामा सम्भावना हेरेर उडान सुरु गर्न आग्रह गरिएको वताए ।

विराटनगर विमानस्थल लाई अन्तर्राष्ट्रिय बनाए बंगलादेश र भारतका कतिपय सहरमा सिधै व्यापार प्रर्वद्धन गर्न सहयोग पुग्ने मुख्यमन्त्री कार्कीले वताउँदै तर त्यो सम्भावना अहिले नदेखिएको बताए ।

निजी क्षेत्रसँग यो विषयमा कुराकानी भइरहेको र लागत साझेदारी गर्न समेत प्रदेश सरकार तयार रहेको भन्दै २०८२ साललाई कोशी भ्रमण वर्ष बनाउने तयारी गरिएको र त्यस अघि नै केही स्थानमा हवाई उडान सुरु गर्ने तयारी भइरहेको बताए ।

कोशी प्रदेशमा सहज घुम्न आउने जनसंख्या भारत र बंगलादेशमा गरी ५ करोड बढी रहेको भन्दै उनीहरुलाई आकर्षित गर्न प्रदेश सरकारले पहल गरिरहेको र भारतबाट धार्मिक पर्यटक कोशी प्रदेशमा ल्याउन सकिने प्रशस्त सम्भावना रहेको भन्दै त्यसलाई हेरेर योजना बनाउन आवश्यक रहेको जानकारी गराए ।

कोशी प्रदेशले आइटी र कृषि क्षेत्रलाई पनि उत्तिकै महत्व दिएको भन्दै मुख्यमन्त्री काकीले भन्नुभयो - 'हामीले यी दुबै क्षेत्रमा निर्यात बढाउने सम्भावना छ, कोशी सरकार निर्यात बढाउने गरी योजना बनाएर अघि बढेको छ । पर्यटन र निर्यातबाट विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । अहिलेको आवश्यक्ता नै त्यही भएको जिकीर गरेका थिए ।

# संघिय संरचना प्रदेश अब्बल

विराटनगर । संघीय संरचनामा सबै भन्दा अब्बल प्रदेश सरकार रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउनु भएको छ ।

संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तरक्रिया कार्यक्रममा विहीवार मुख्यमन्त्री कार्कीले तथ्य नहेरी प्रदेश सरकारको काम छैन भन्ने जस्ता तथ्यहिन टिप्पणी हुने गरेको वताउँदै संघीयता आएपछि सबै भन्दा बढी विकास निर्माणमा प्रदेश सरकार अगाडि रहेको जिकिर गर्नु भएको थियो ।

उहाँले विगत ३० वर्षमा हुन नसकेको काम संघीयता आएपछि भएको दाबि गर्दै प्रचार प्रसार गर्न नसक्दा हाम्रो बदनाम भएको छ, हामी माथि प्रहार भएको छ ।' मुख्यमन्त्री कार्कीले ७ वर्षमै संघीयताको विषयमा खारेजीको धारणा बनाउन नहुने बताएका थिए । केही अधिकारहरु प्रदेशलाई प्रत्यायोजन हुनै बाँकी रहेको अवस्थामा संघीयता चाहिन्छ कि चाहिन्न भनेर जाँच्ने बेला नभएको उहाँको तर्फ छ ।

मुख्यमन्त्री कार्कीले संघीय सरकार भन्दापनि स्तरीय बाटो, पुल लगायतका विकास प्रदेश सरकारले गरिरहेको दाबी गर्दै तथ्य नहेरी प्रदेशको काम छैन भन्ने जस्ता सतही टिप्पणी हुने गरेको भन्दै प्रदेश सरंचनालाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको बताएका थिए । उहाँले यस्ता टिप्पणी गर्नु अघि महालेखा परीक्षकको प्रतिवेदन हेर्न आग्रह गरेका थिए । गएका ७ वर्षमा सबै भन्दा बढी सक्रिय भएर प्रदेश सरकारले नै विकास निर्माणको काम गरिरहेको भन्दै यसलाई महालेखा परीक्षकको प्रतिवेदनले पनि पुष्टि गर्ने बताएका थिए ।

कोशी प्रदेश सरकारको समन्वय एवम् फेडरलिजम् एण्ड लोकलाईजेसन सेन्टरको आयोजनामा भएको सो कार्यक्रममा आयोजक संस्थाका कार्यकारी निर्देशक प्रकाश पन्थ सेन्टरका अध्यक्ष डा. खिमलाल देवकोटाले सातै प्रदेशका कार्यक्रम सकेर प्रतिवेदन संघीय तथा प्रदेश सरकार र दलका नेताहरूलाई बुझाउने जनाकारी गराएका थिए ।